बैठक संख्याः १/२०८०/०८१

मितिः २०८०/०४/०५

समयः दिउँसो १:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | सचिव/ प्र.प्र.अ. | गाउँ कार्यपालिकाको कार्यालय |

<u>अन्य</u>

| | | | | |
|---|---|---|---|---|
| | | [illegible] | [illegible] | |
| | | गणेश ओली | लेखा अधिकृत | |
| | | प्रेम प्रसाद अर्याल | अधिकृत छैटौं | |

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## (टिप्पणी र आदेश)

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

विषयः कार्यपालिका बैठक प्रस्ताव सम्बन्धमा ।

तपसिल

बैठक संख्याः १/२०८०।०८१

| प्र.नं. | प्रस्तावहरु | प्रस्तावित निर्णय | कै |
|---|---|---|---|
| १. | वार्षिक समीक्षा सम्बन्धमा | आर्थिक वर्ष २०७९/०८० को सेवा प्रवाह र विकास निर्माण गतिविधि सम्बन्धमा विषयगत शाखा तथा कर्मचारीहरुसँग समीक्षा गरियो । अघिल्लो आर्थिक वर्षको कार्यसम्पादनलाई पाठ तथा मार्गदर्शनको रुपमा लिँदै चालु आर्थिक वर्षको वार्षिक कार्यसम्पादनलाई प्रभावकारी बनाउन वार्षिक खरिद योजना तथा कार्यतालिका/कार्यपात्रो तयार गरी अनिवार्य पालना गर्ने निर्णय गरियो । | |
| २. | बेरोजगार व्यक्तिहरुलाई स्थानीय रोजगारमा प्राथमिकता सम्बन्धमा | गाउँपालिका अन्तर्गत ठेक्का तथा उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने सबै आयोजनाहरुमा बेरोजगार सूचीमा सूचिकृत बेरोजगारहरुलाई पहिलो प्राथमिकतामा राखी सीप अनुसार अनिवार्य रोजगारीको अवसर प्रदान गर्ने गरी व्यवस्था मिलाई सो बमोजिम भए नभएको सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट अनुगमन तथा समन्वय गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । | |
| ३. | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि गैसस सम्झौता सम्बन्धमा | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ गाउँपालिकाभित्र झोलुङ्गे पुल निर्माणका लागि कार्यालयलाई प्राविधिक सहयोग र उपभोक्ता समितिलाई सामाजिक तथा व्यवस्थापकीय सहयोग प्रदानका लागि हालसम्म प्राविधिक सहयोग उपलब्ध गराइरहेको गैरसरकारी संस्था सेवा प्रतिष्ठान नेपालसँग थप दुई वर्ष अवधिको लागि द्विपक्षीय सम्झौता गरी कार्य प्रत्यायोजन गर्ने निर्णय गरियो । | |
| ४. | वार्षिक खरिद योजना स्वीकृति सम्बन्धमा | चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयनका लागि वार्षिक खरिद योजना स्वीकृत गरी खरिद योजनालाई प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो । | |
| ५. | वार्षिक कार्यपात्रो स्वीकृति सम्बन्धमा | चालु आर्थिक वर्षको नियमित कार्यसम्पादनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आर्थिक वर्ष २०८०।०८१ को वार्षिक कार्यपात्रो स्वीकृत गरी प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो । | |
| ६. | योजना तथा कार्यक्रम भुक्तानी सम्बन्धमा | स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०७९।०३। को निर्णयानुसार बाढी पहिरोका कारण जोखिममा रहेको वस्तीमा विपद् अल्पीकरणका लागि भूमे २ मा निर्माण गरिएको बाँध निर्माण कार्य सम्पन्न भइसकेकाले स्वीकृत लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन बिल बमोजिम भुक्तानी गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो | |
| ७. | उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि | उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा निर्माण पश्चात उपभोक्ता समितिमा नियमित दायित्व नपर्ने र रु. पाँच लाखभन्दा कम रकमको आयोजना कार्यान्वयनको हकमा एक उपभोक्ता समितिले बढीमा तीन वटासम्म आयोजना, दश लाखसम्मका बढीमा दुई वटा र दश लाखभन्दा माथि एउटा मात्र आयोजना सञ्चालन गर्ने र निर्माणमा श्रम कार्यमा उपभोक्ता | |

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## (टिप्पणी र आदेश)

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

विषयः कार्यपालिका बैठक प्रस्ताव सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| | | समितिभन्दा बाहिरका उपभोक्ताहरु बञ्चित नहुने व्यवस्था प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । | |
| ८. | सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा | खर/फुसको छाना विस्थापन गर्ने नेपाल सरकारको प्राथमिकता प्राप्त सुरक्षित नागरिक आवास कार्यक्रमका लागि हालसम्म जस्ता/कर्कट पाटाका छाना नभएका विपन्न व्यक्तिहरुको वडागत सूची तयार गरी सम्बन्धित वडा कार्यालयमार्फत कार्यविधिमा तोकिए बमोजिम सर्वे गरी एकीकृत सूची तयार गर्ने कार्य तत्काल अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा गरियो । | |
| ९. | कार्यक्रम/आयोजना बैंक अद्यावधिक सम्बन्धमा | भूमे गाउँपालिकाको गुरुयोजना तथा प्रथम आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि गाउँपालिकामा हाल भएको आयोजना बैंकलाई वस्तुगत बनाउन सबै वडा कार्यालयहरुले आयोजना तथा कार्यक्रमहरुको यकिन तथा पहिचान गरी निर्धारित ढाँचामा वि.सं. २०८० भाद्र मसान्तभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा पेश गरिसक्ने र असोज मसान्तभित्र कार्यक्रम आयोजना बैंक व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी स्वीकृत गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतिले गरियो । | |
| १०. | कार्यसम्पादन करार सम्बन्धमा | गाउँपालिकाको वार्षिक कार्यक्रम कार्यान्वयन तथा लक्ष्य प्राप्तिका लागि पालिकाको समग्र कार्य प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच कार्यसम्पादन करार सम्झौता गरी सोही आधारमा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा/कार्यालय प्रमुखबीच कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो । | |
| ११. | करार कर्मचारीको म्याद थप/नवीकरण सम्बन्धमा | गाउँपालिका अन्तर्गतका कार्यालयमा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरु (गाउँपालिकाबाट नियुक्तको हकमा) सुरुमा तीन महिनाको म्याद थप करार सम्झौता गरी उक्त अवधिमा पुनः कार्यसम्पादन मूल्याङ्कन गरी नयाँ ढङ्गले व्यवस्थित गर्ने निर्णय गरियो। साथै, न्यायिक समितिको सचिवालयमा एक जना कर्मचारी कार्यालयमा व्यवस्था गर्ने निर्णय गरियो । | |
| १२. | स्वास्थ्य नीति सम्बन्धमा | भूमे गाउँपालिकाको स्वास्थ्य नीति, २०८० स्वीकृत गर्ने निर्णय गरियो । | |

**दस्तखत र मितिः**

**नाम थरः** चन्द्रसिंह श्रेष्ठ
**पदः** प्रमुख प्रशासकीय अधिकृत

उल्लिखित प्रस्तावहरुमध्ये प्रस्ताव नं ...... देखि ...... सम्मका प्रस्तावहरु मिति २०८०।०४।०४ को कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न सदर गर्दछु ।

**दस्तखत र मितिः**

*भूमे गाउँपालिका, रुकुम (पूर्व)*

*बैठक सं. १/०८०-८१ मिति २०८०।०४।०४ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा*

निर्णय नं. १:

आर्थिक वर्ष २०७९/०८० को सेवा प्रवाह र विकास निर्माण गतिविधि सम्बन्धमा विषयगत शाखा तथा कर्मचारीहरुसँग समीक्षा गरियो। अघिल्लो आर्थिक वर्षको कार्यसम्पादनलाई पाठ तथा मार्गदर्शनको रुपमा लिंदै चालु आर्थिक वर्षको वार्षिक कार्यसम्पादनलाई प्रभावकारी बनाउन वार्षिक खरिद योजना तथा कार्यतालिका/कार्यपात्रो तयार गरी अनिवार्य पालना गर्ने निर्णय गरियो। साथै, अघिल्लो आर्थिक वर्ष २०७९/०८० को विषय शाखागत वार्षिक प्रगति समीक्षा यही मिति २०८० साल भाद्र महिनाभित्र गाउँ कार्यपालिकाको कार्यालयको सभा हलमा सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

गाउँपालिका अन्तर्गत ठेक्का तथा उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने सबै आयोजनाहरुमा बेरोजगार सूचीमा सूचिकृत बेरोजगारहरुलाई पहिलो प्राथमिकतामा राखी सीप अनुसार अनिवार्य रोजगारीको अवसर प्रदान गर्ने गरी व्यवस्था मिलाई सो बमोजिम भए नभएको सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट अनुगमन तथा समन्वय गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ३:

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ गाउँपालिकाभित्र झोलुङ्गे पुल निर्माणका लागि कार्यालयलाई प्राविधिक सहयोग र उपभोक्ता समितिलाई सामाजिक तथा व्यवस्थापकीय सहयोग प्रदानका लागि हालसम्म प्राविधिक सहयोग उपलब्ध गराइरहेको गैरसरकारी संस्था सेवा प्रतिष्ठान नेपालसँग थप दुई वर्ष अवधिको लागि द्विपक्षीय सम्झौता गरी कार्य प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयनका लागि वार्षिक खरिद योजना स्वीकृत गरी खरिद योजनालाई प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

चालु आर्थिक वर्षको नियमित कार्य सम्पादनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आर्थिक वर्ष २०८०।०८१ को वार्षिक कार्यपात्रो स्वीकृत गरी प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा निर्माण पश्चात उपभोक्ता समितिमा नियमित दायित्व नपर्ने र रु. पाँच लाखसम्म रकमको आयोजना कार्यान्वयनको हकमा एक उपभोक्ता समितिले पटक पटक गरी बढीमा तीन वटासम्म आयोजना, दश लाखसम्मका बढीमा दुई वटा र दश लाखभन्दा माथि एउटा मात्र आयोजना सञ्चालन गर्ने र निर्माणमा

श्रम कार्यमा उपभोक्ता समितिभन्दा बाहिरका उपभोक्ताहरु बञ्चित नहुने व्यवस्था प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७:**

खर/फुसको छाना विस्थापन गर्ने नेपाल सरकारको प्राथमिकता प्राप्त सुरक्षित नागरिक आवास कार्यक्रमका लागि हालसम्म जस्ता/कर्कट पाटाका छाना नभएका विपन्न व्यक्तिहरुको वडागत सूची तयार गरी सम्बन्धित वडा कार्यालयमार्फत कार्यविधिमा तोकिए बमोजिम सर्वे गरी एकीकृत सूची तयार गर्ने कार्य तत्काल अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ८:**

भूमे गाउँपालिकाको गुरुयोजना तथा प्रथम आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि गाउँपालिकामा हाल भएको आयोजना बैंकलाई वस्तुगत बनाउन सबै वडा कार्यालयहरुले आयोजना तथा कार्यक्रमहरुको यकिन तथा पहिचान गरी निर्धारित ढाँचामा वि.सं. २०८० भाद्र मसान्तभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा पेश गरिसक्ने र असोज मसान्तभित्र कार्यक्रम आयोजना बैंक व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी स्वीकृत गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं. ९:**

गाउँपालिकाको वार्षिक कार्यक्रम कार्यान्वयन तथा लक्ष्य प्राप्तिका लागि पालिकाको समग्र कार्य प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच कार्यसम्पादन करार सम्झौता गरी सोही आधारमा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा/कार्यालय प्रमुखबीच कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. १०:**

गाउँपालिका अन्तर्गतका कार्यालयमा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरु (गाउँपालिकाबाट नियुक्तको हकमा) सुरुमा तीन महिनाको म्याद थप करार सम्झौता गरी उक्त अवधिमा पुनः कार्यसम्पादन मूल्याङ्कन गरी नयाँ ढङ्गले व्यवस्थित गर्ने निर्णय गरियो। साथै, अर्को व्यवस्था तथा पदपूर्ति नभएसम्म न्यायिक समितिको सचिवालयमा एक जना कर्मचारी करारमा व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

भूमे गाउँपालिकाको स्वास्थ्य नीति, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।